केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०६७/६८

मिति: २०६८/०१/२०

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

बिषय: खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन वेवसाइटबाट हेरी गर्ने/गराउने सम्बन्धमा ।

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुलाई मिति २०६७।०६।१९ को पत्रबाट बैंक/वित्तीय संस्थाहरुमा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशनलाई http://bfr.nrb.org.np/acstatus मा राखिने व्यवस्था गरिएको व्यहोरा अवगत नै छ । उक्त Website मा राखिने सूचना/निर्देशनमा बैंक/वित्तीय संस्थाहरुको पहुँचका लागि बैंक/वित्तीय संस्थाहरुको User ID र Password सम्बन्धित बैंक/वित्तीय संस्थाहरुमा मिति २०६८।०१।०८ को पत्र मार्फत पठाईएको व्यहोरा समेत जानकारी गराइन्छ । कथंकदाचित पत्र प्राप्त नभएको भए यस विभागको आन्तरिक प्रशासन फाँटमा सम्पर्क गरी पासवर्ड लिन सकिनेछ ।

अत: बैंक/वित्तीय संस्थाहरुमा रहेका व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुको खाता रोक्का/फुकुवा सम्बन्धी सूचना/निर्देशन यही जेष्ठ १, २०६८ बाट यस बैंकको वेवसाइटको उक्त ठेगानामा राखिने हुँदा सो वेवसाइटमा हुने सूचनालाई आधिकारिक मानी कार्यवाही गर्नुहुन तथा सो सम्बन्धमा सो मितिदेखि फ्याक्स तथा पत्राचार नगरिने तथा वेवसाइटमा भएको सूचना अनुसारको कामकारवाही नभएमा सम्बन्धित बैंक/वित्तीय संस्था नै जिम्मेवार रहने व्यहोरा समेत निर्णयानुसार अनुरोध छ ।

भवदीय,

भाष्करमणि ज्ञवाली
कार्यकारी निर्देशक

बोधार्थ :

१. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
३. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
४. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।